परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ०४ पृष्ठ ४ २०८२ कार्तिक ८ गते, शनिबार 25 October, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# महोत्तरीमा छठको तयारीमा जुटे समुदाय

● अजय साह

दिपावली समापनसँगै मधेससहित देशकै प्रमुख चाडको रूपमा मनाउन थालिएको छठ पर्वको तयारीमा स्थानीय जनसमुदाय तिब्र रूपले जुटेका छन् ।

छठका लागि महोत्तरीको सदरमुकाम जलेश्वरसहित सबै गाउँ सहरका पोखरी, नदी, तलाउहरूमा तयारी सुरु भएको समाजशास्त्री नागेन्द्र दुबेले जानकारी दिनुभयो।

यस पर्वमा उदाउँदो र अस्ताउँदो सूर्यको पूजा पानी मै गरिने भएकाले महोत्तरी सहित सम्पूर्ण मिथिलाञ्चलका जलाशयहरूमा सरसफाइ, घाट निर्माण, खाल्डाखुल्डी पुर्ने, सडक मर्मतको काममा जुटेको स्थानीय सञ्चार कर्मी समेत रहेका औरही नगरपालिका युवा धवे ꠰न्द्रकुमार यादवले बताउनुभयो।

प्रायः स्थानमा जनस्तरबाटै छठघाटहरू सजाइने गरिए पनि सदरमुकाम जलेश्वरस्थित बरुण सर पोखरी, पुरानो बस स्ट्यान्ड पोखरी, परिक्रमागाछी पोखरी सहित जिल्लाका अन्य स्थानीय तह समेतको सहयोगमा घाटहरूमा सरसफाइ र सजावट लगायतका काम भइरहेको छ ।

जलेश्वरस्थित बरुण सर पोखरीमा नगरपालिकाको तर्फबाट घाटहरूमा रङरोगनका साथै सरसफाइ गरिएपछि घाट विगतकोभन्दा निक्कै आकर्षक देखिएको छ । पोखरीमा निजीस्तरबाट दुईथान बोट समेत सञ्चालन गरिएको छ ।

यता नेपाल र भारत तथा महोत्तरी र धनुषा छुट्याउने सीमा क्षेत्रमा पर्ने मटिहानी तुल्सियाहीस्थित बिग्ही नदीको किनारमा समेत छठको तयारी थालिएको छ। महोत्तरी जिल्लाको मटिहानी, धनुषाको तुलसियाही र भारत बिहारको मधवापुर-रामपुरमा छठ पर्व मनाउनका लागि बिग्ही नदी (खोला) किनारमा करिब दुई किलो मिटर लामो दूरीमा टेन्ट सहित भव्य छठघाट निर्माण गर्न थालिएको छ। यो छठघाट सम्भवतः नेपाल कै सबैभन्दा लामो दूरीमा निर्माण गरिएको छठघाटको रूपमा चिनिन्छ। यस छठघाटलाई नेपाल-भारत मैत्री र सांस्कृतिक सङ्गम स्थलका रूपमा पनि चिनिन्छ।



महोत्तरी, धनुषा तथा भारतको मधवापुर र वरिपरिका स्थानीयले सोही नदीमा संयुक्त रूपमा छठ मनाउँदै आएका छन्। राष्ट्रियताका हिसाबले फरक भएपनि यी स्थानमा धार्मिक र सांस्कृतिक हिसाबले एकरूपता र सहिष्णुता देखिन्छ।

विगतमा मधेसी समुदायले मात्र मनाउँदै आएको मिथिलाको मुख्य पर्व छठ अहिले आएर देश भरि पहाडी समुदाय लगायत मुश्लिम धर्माम्वलम्बीहरूले समेत मनाउन थाले देखि यसको महत्त्व दिन दिनै बढी रहेको छ।

चार दिवसीय छठ पर्व शनिवार देखि विधिवत सुरु हुँदैछ। छठ पर्वको पहिलो दिन शनिवार नहाय खाय, दोस्रो दिन आइतबार खरना र तेस्रो दिन सोमबार अस्ताउँदो सूर्यलाई अर्घ्य र अन्तिम दिन मङ्गलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठको विधिवत समापन गरिन्छ।

यता छठमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिन चाहिने सामग्रीहरू खरिद-बिक्रीको लागि पनि हाट बजारमा भिडभाड देखिएको छ। बजारमा अर्घ्यको लागि चाहिने सामग्रीहरू केरा, अदुवा, भोगटे, उखु लगायतका सामग्रीहरू किन्नेको भिड छ।

यसैगरी जिल्लाको मटिहानी, गौशाला, औरही, बलवा, लोहारपट्टी, बर्दिवास लगायतका स्थानमा पोखरी, तलाव, नदीमा छठ पर्व मनाउने चलन रहेकाले ती स्थानमा पनि धमाधम तयारी भइरहेको जिल्ला समन्वय समितिका संयोजक सुमनकुमार लाल कर्णले बताउनुभयो ।

यसैगरी, छठ पर्वको अवसरमा सङ्घीय सरकारको छठ पर्वको मूल पूजा कार्तिक १० गते सार्वजनिक विदा रहेकोमा मधेश प्रदेश सरकारले छठ पर्वको भोलिपल्ट पनि सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले आज एक सूचना जारी गर्दै यससम्बन्धी जानकारी गराएको हो। मन्त्रालयका अनुसार प्रदेश सरकारले कार्तिक ११ गते मङ्गलबारका दिन मधेश प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

यो बिदा प्रदेश राजपत्रमा प्रकाशित २०८२ सालमा दिइने थप बिदा सम्बन्धी सूचना अन्तर्गत थप गरिएको हो।









टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### अधिक तरलता–अवसरको खिड्की

तिहारको उल्लासपूर्ण वातावरणमा मुलुकको अर्थतन्त्रले नयाँ दिशातर्फ ध्यान दिन जरुरी छ । अहिले नेपालको बैंक तथा वित्तीय प्रणालीमा ११ खर्ब रुपैयाँभन्दा बढी अधिक तरलता मौजुद छ । यस्तो अवस्था चुनौती मात्र होइन, अवसर पनि हो । ब्याजदर ऐतिहासिक न्यून विन्दुमा पुगेको यस घडीमा लगानीलाई उत्पादनमूलक क्षेत्रतर्फ मोड्न सके देशको आर्थिक पुनरुत्थान सम्भव छ ।

अर्थतन्त्र चलायमान बनाउन सरकारको मितव्ययिता र पुनर्निर्माणको नीति सकारात्मक छ, तर सुशासनको अभाव र प्रशासनिक झन्झटले लगानीकर्ताको आत्मविश्वास घटाइरहेको छ । युवाहरू विदेशिन बाध्य भइरहेका बेला उनीहरूलाई स्वदेशमै उद्यम गर्न प्रेरित गर्नुपर्ने बेला हो । कृषि, ऊर्जा, पर्यटन र सूचना प्रविधि जस्ता क्षेत्रमा लगानी केन्द्रित गर्न सके रोजगारी र उत्पादन दुबै बढ्नेछ ।

सिंगापुरको अनुभवले देखाउँछ– खुलापन, मानव पुँजी र सुशासनमा लगानी आर्थिक विकासको मूल चाबी हो । नेपालले पनि यही बाटो समातेमा अधिक तरलता पुँजीमा रूपान्तरण भई समृद्धिको आधार बन्न सक्छ । यसैले अहिलेको आर्थिक अवसरलाई सम्हाल्ने जिम्मेवारी सरकार, निजी क्षेत्र र युवापुस्ताले साझा रूपमा लिनु आवश्यक छ ।

# दुई देशको साझा छठघाट

● टक नेपाल

महोत्तरी र धनुषा छुट्याउँदै भारत झर्ने बिगही नदीमा दुई देशको साझा घाट बनेको छ ।

बिगही नदीको यो करिब दुई किलोमिटर लम्बाइमा निर्मित मनोरम छठघाटमा नेपालतर्फका मटिहानी नगरपालिकाका वडा नम्बर ६, ७ र ८, धनुषाको मुखियापट्टी मुसर्नियाँ गाउँपालिका-३ को तुलसियाही र भारततर्फ मधवापुर र रामपुर बजारका बर्तालुका लागि हो ।



छ ठ मिथिला क्षेत्रको आस्थाको महापर्व मानिन्छ । प्राचीन मिथिला क्षेत्रमा दशगजापारिको भारतको मधुवनी जिल्ला पनि पर्छ ।

दुई देश र दुई राष्ट्रियता भए पनि समान धर्म, संस्कृति, चाडपर्व, बिहेबारी र सुखदुःख आदानप्रदानको उन्नत प्रचलनले अहिले दुवैतर्फका नागरिकले साझा छठघाट निर्माण गरेका हुन् ।

“माझमा दशगजाले दुई देश छुट्याएको छ, तर हाम्रा वेशभूषा, भाषा, संस्कृति र चाडवाड समान छन्”, मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डलले भने, “हामीबीच सांस्कृतिक चाडपर्व एकआपसमा मिलेर मनाउने संस्कृति स्थापित छ, यो घाट यसैको उदाहरण हो ।”

भोलि शनिबार यसपालिको महापर्व छठ ‘नहाय-खाय’ विधिबाट सुरु हुँदैछ । चार दिनको यो लोकआस्थाको महापर्वमा आइतबार ‘खरना’ सोमबार ‘सझुकाघाट’ र मङ्गलबार बिहान ‘पारन’ (भोरका घाट) विधि गरेर सम्पन्न गरिनेछ ।

अहिले नेपाल-भारतको यो साझा घाट सजाउन नेपालतर्फका मटिहानी र तुलसियाही एवं भारततर्फका मधवापुर र रामपुरका सर्वसाधारण जुटेका छन् ।

सूर्यदेव र षष्ठीदेवी (बोलीचालीमा छठीदेवी)को उपासना गरिने यो पर्वमा निराहार व्रतको कात्तिक शुक्ल षष्ठी तिथिका साँझ अस्ताउँदो र सप्तमी तिथिको बिहान उदाउँदो सूर्यलाई यसै घाटमा नुहाएर बर्तालुले अर्घ्य (अर्घ) दिनेछन् ।

यस घाटमा दुवैतर्फ (नेपाल-भारत)का गरी दुई हजार बढी बर्तालुले अर्घ्य दिने बताइएको छ । यहाँको छठघाट हेर्न १० हजार बढी श्रद्धालु उपस्थित हुने मटिहानी-७ का वडाध्यक्ष जितनारायण माझीले बताए ।

सझुकाघाटमा अर्घ्यको समयदेखि भोलिपल्ट बिहान भोरकाघाटको अर्घ्य दिउञ्जेलसम्म बर्तालु र उनका परिवारजन घाटमै छठी गीत गाउँदै जाग्राम बस्नेछन् ।



















## विषादीयुक्त तरकारी र फलफुल सेवनबाट बच्न जनहितमा जारी सन्देश

फलफुल तथा तरकारीमा विषादी सजिलै छुट्याउन त गाह्रो हुन्छ । यसको मापन गर्न यन्त्र उपकरणको आवश्यकता पर्छ । तर पनि तरकारी तथा फलफुल किन्दा केही सावधानी अपनाएको खण्डमा विषादीबाट यसरी बच्न सकिन्छ ।

- चिल्लो देखिने तरकारी तथा फलफुललाई बहिष्कार गर्ने ।
- आईलिएको जस्तो या किरा फट्याङ्ग्राले खाएको जस्तो किन्ने ।
- खोट नभएको भन्दा पनि कतै खोट भएको किन्ने ।
- सागपातमा प्वाल परेको जस्तो किन्ने ।
- सकभर मौसम अनुसार फल्ने फलफुल र तरकारीको मात्र सेवन गर्ने ।
- अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने ।
- विषादी जन्य खाद्यान्नलाई बहिष्कार गर्ने ।
- विषादी युक्त फलफुल र तरकारी भान्सामा नै भित्रिएको अवस्थामा ।
- सामान्य तरीका भनेको राम्ररी धुने, पखाल्ने नै हो । तर थोरपखाली गर्दा समेत विषादी नजान सक्छ, त्यसैले अधिका मात्रामा रहेको विषादी हटाउन नुनपानिको प्रयोग गर्न सकिन्छ ।
- यदि नुनपानि नराख्ने भए सफापानिमा रातभर भिजाउने र बिहान राम्रोसँग पखाल्ने गर्यो भने धेरै हदसम्म बाहिरी भागमा रहेको विषादी जान्छ । उपभोक्ता आफै सचेत भई आफ्नो स्वास्थ्यको विषादीयुक्त फलफुल र तरकारी खानु पर्छ ।

**कृषी ज्ञान केन्द्र महोतरी**
जलेश्वर,महोतरी

# कांग्रेसको मुखमैं आइसकेको मधेसको मुख्यमन्त्री पद कसरी गुम्यो?

टक नेपाल



यस चाडपर्वको समयमा यदि कोही सबैभन्दा दुःखी छन् भने, ती हुन् मधेस प्रदेशका कांग्रेस सभापति कृष्ण यादव। कारण - उनको मुखमैं आइसकेको मधेस प्रदेशको मुख्यमन्त्री पद गुमेको छ।

जनमत पार्टी र नेकपा (एमाले) ले कांग्रेसलाई सरकार बनाउनका लागि हस्ताक्षरसहितको समर्थन दिइसकेका थिए। यादवलाई मुख्यमन्त्री बनाउने भन्दै तीन दलका ५८ जना प्रदेशसभा सदस्यले हस्ताक्षर गरेर प्रदेश प्रमुखलाई बुझाएका थिए।

गत असोज २२ गते प्रदेश प्रमुखलाई बुझाइएको पत्रमा भनिएको थियोः ' मधेस प्रदेशसभामा प्रतिनिधित्व गर्ने ' नेकपा (एमाले), नेपाली कांग्रेस, जनमत पार्टीसहित तीन राजनीतिक दलका जम्मा ५८ जना प्रदेशसभा सदस्यको समर्थन नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई नेपालको संविधानको धारा १६८ को उपधारा (२) अनुसार मधेस प्रदेशको मुख्यमन्त्रीमा नियुक्त गर्नका लागि दाबी गर्दछौं।'

त्यो पत्रमा एमाले संसदीय दलका नेता सरोज कुमार यादव, नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव र जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादवले हस्ताक्षर गरेका थिए।

तीन 'यादव'ले हस्ताक्षर गरेर यादवलाई नै मुख्यमन्त्री बनाउन लागेको भन्दै मधेसमा 'यादव सरकार' को नारा पनि लागेको थियो। डिके सागरको 'सिस्टम हिलाबै बाला यादव सरकार...' नामक मैथिली र्‍याप गीत निकै चर्चामा आएको थियो।

कांग्रेस संसदीय दलका नेता कृष्ण यादवले मुख्यमन्त्री बनेको भन्दै शुभकामना पाउन थालिसकेका थिए। उनको मुख्यमन्त्री पद निश्चितजस्तै भइसकेको थियो।

तर, तत्कालीन मुख्यमन्त्री सतिश सिंहले राजीनामा नदिएका कारण नयाँ मुख्यमन्त्री चयनको प्रक्रिया अघि बढेको थिएन। जसले गर्दा मधेस प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सरकार गठनका लागि आह्वान पनि गरेकी थिइनन्।

यता, एमालेको समर्थनबाट मुख्यमन्त्री बन्न लागेको भन्दै कृष्ण यादवको कांग्रेसभित्रैबाट विरोध सुरु भयो। मधेस प्रदेश कांग्रेसका प्रदेशसभा सदस्य रामसरोज यादवले एमालेसँगको सत्ता सहकार्य कांग्रेसका लागि घातक हुने बताएका थिए। एमालेका कारण देशमा विध्वंस भएको र अहिले त्यही पार्टीसँग सहकार्य गर्नु उचित नभएको उनको धारणा थियो। केन्द्रमा एमालेसँग गठबन्धन गरेर कांग्रेसले ठुलो भूल गरेको भन्दै फेरि त्यही गल्ती दोहोर्‍याउन नहुने उनले बताएका थिए।

तर, कृष्ण यादवले कांग्रेस र एमालेको गठबन्धनलाई आफूले निरन्तरता दिएको बताएका थिए। त्यही गठबन्धनबाट नै मधेस प्रदेशमा यसअघि जनमत पार्टीको नेतृत्वमा सरकार बनेको थियो।

कांग्रेस, एमाले र जनमत पार्टीले तत्कालीन मुख्यमन्त्री सतिश सिंहलाई राजीनामा दिन निरन्तर दबाब दिइरहेका थिए। त्यही दबाबका कारण असोज २८ गते प्रदेशसभामा सम्बोधन गर्दै उनले राजीनामा घोषणा गरे। मुख्यमन्त्री सिंहले राजीनामा दिएपछि कृष्ण यादव निकै खुसी भएका थिए।

नयाँ मुख्यमन्त्री बन्ने बाटो खुलेपछि प्रदेशसभा सदस्यहरूले कृष्ण यादवलाई 'नेक्स्ट मुख्यमन्त्री' भन्दै बधाई दिइरहेका थिए। बधाई लिन मस्त कृष्ण यादवलाई यतिबेलासम्म जनमत पार्टीले पुरै खेल नै बदलिदिएको कुरा थाहा थिएन।

एक दिनअघिसम्म कांग्रेस र एमालेले आफ्नो दललाई विश्वास गरेको ले धोका नदिने भनिरहेका जनमत पार्टीका संसदीय दलका नेता महेश यादवले रातारात लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का उपाध्यक्ष जितेन्द्र सोनललाई मुख्यमन्त्री बनाउने पत्रमा हस्ताक्षर गरे।

जनमत पार्टीका एक पदाधिकारीले भने, 'जनमत पार्टीले तत्काल यो निर्णय नलिएको भए मधेस प्रदेशमा जनमत पार्टीका एकजना पनि प्रदेशसभा सदस्य बाँकी रहने थिएनन्, सबैजना दीपक यादवले गठन गरेको जनस्वराज पार्टीमा जान्थे र कांग्रेस र एमाले बाहेकको अर्को सरकार बन्थ्यो।'

उनका अनुसार जनमत पार्टीले आफ्नो पार्टी जोगाउनका लागि तत्काल यो निर्णय लिएको हो। जनमत पार्टीबाट अलग भएका दीपक साहले आफ्नो नेतृत्वमा जनस्वराज पार्टी दर्ता गराइसकेका थिए र जनमत पार्टीका १३ जना प्रदेश सांसद जनस्वराज पार्टीमा जाने लगभग निश्चित भइसकेको थियो।

त्यसपछि बाध्य भएर सीके राउतले कांग्रेस र एमालेलाई दिएको समर्थन फिर्ता लिएर लोसपाबाट मुख्यमन्त्री बन्न लागेका जितेन्द्र सोनललाई समर्थन दिए।

असोज २९ गते कांग्रेसले पनि जनमत पार्टीको समर्थन आफूलाई रहेको भन्दै मुख्यमन्त्रीमा दाबी प्रस्तुत गरेको थियो। कृष्ण यादवले असोज २२ गते एमाले र जनमत पार्टीले हस्ताक्षर गरेको पत्र प्रदेश प्रमुख कार्यालयमा पेस गरेर मुख्यमन्त्रीमा दाबी गरेका थिए।

त्यसपछि जनमत पार्टीका संसदीय दलका नेता महेश यादवले आफ्नो दलको समर्थन लोसपा नेपालका उपाध्यक्ष जितेन्द्र सोनललाई मुख्यमन्त्री बनाउनमा रहेको भन्दै पत्र दिए।

प्रदेश प्रमुख भण्डारीले पनि पाँच दलले हस्ताक्षर गरेर दिएको पत्रलाई आधिकारिक मानेर असोज २९ गते जितेन्द्र सोनललाई मुख्यमन्त्रीमा नियुक्त गरेकी थिइन्। त्यसपछि कांग्रेस प्रदेश प्रमुखको राजीनामा माग्दै धर्नासम्म बसेको थिए। मुख्यमन्त्री सोनलले शपथ लिएपछि मात्र कांग्रेसका नेताहरू पछाडि हटेका थिए।













## छठपर्वमा सुरक्षाका लागि मधेशमा 'अप्रेसन आस्था' लागू

टक नेपाल

छठपर्व शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गराउनका लागि मधेश प्रदेश प्रहरी कार्यालयले 'अप्रेसन आस्था' नामक विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याएको मधेश प्रदेश प्रहरीका प्रहरी नायब महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाले जानकारी दिए।

यस योजनाअन्तर्गत प्रदेशभरका आठवटै जिल्लामा करिब सात हजार सुरक्षाकर्मी परिचालन गरिएको छ। प्रहरी नायब महानिरीक्षक थपलियाले ' अप्रेसन आस्था'बारे जानकारी दिँदै छठपर्वको संवेदनशीलतालाई ध्यानमा राखेर विशेष सुरक्षा प्रबन्ध मिलाइएको बताए।

उनका अनुसार मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने, झैभगडा गर्ने, भीडभाडमा अव्यवस्था सिर्जना गर्नेलगायत सम्भावित घटनालाई रोक्न यो विशेष योजना लागू गरिएको हो।

सुरक्षाकर्मीको परिचालनमा ट्राफिक प्रहरी, महिला प्रहरी, मोबाइल पेट्रोलिङ टोली र सादा पोशाकका सुरक्षाकर्मीसमेत समावेश गरिएको छ।

प्रहरी नायव महानिरीक्षक थपलियाले प्रहरी बललाई छठघाट, तलाउ, नदी किनार, बजार क्षेत्र र मुख्य राजमार्गमा विशेष सतर्कता अपनाउन निर्देशन दिइएको बताए। उनले छठपर्व आस्थासँग जोडिएको पर्व भएकाले जनताको श्रद्धा र विश्वास सुरक्षित राख्न सुरक्षाका सबै संयन्त्र सक्रिय रूपमा खटिने प्रतिबद्धता व्यक्त गरे।

प्रहरीले मादक पदार्थ सेवन गरेर सवारी चलाउने वा सार्वजनिक स्थानमा हुलदङ्गा गर्ने जोकोहीलाई पनि कडा कारबाही गरिने चेतावनी दिएको छ। थप निगरानीका लागि अत्यधिक भीडभाड हुने स्थलहरूमा सिसी क्यामेराबाट निगरानी, सुरक्षाचौकी स्थापना र मोबाइल गस्ती टोलीलाई सक्रिय पारिएको छ।

## छठ : बजारमा
# किनमेल गर्नेको चहलपहल

टक नेपाल



छठ पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिन चाहिने सामग्रीहरू खरिद-बिक्रीको लागि अहिले महोत्तरीको हाट बजारमा व्यापक चहलपहल देखिएको छ।

महोत्तरीको गौशला, औरही, बर्दिवाससहित अन्य गाउँ सहरमा लाग्ने साप्ताहिक हाटदेखि मुख्य बजारमा अर्घ्यको लागि चाहिने सामग्रीहरू केरा, अदुवा, भोगटे, उखु लगायतका सामग्री किन्नेको चहलपहल बढेको देखिएको वर्दिवास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णु खड्काले बताउनुभयो।

छठमाप्रसादका रूपमा ठकुवा, कसार, केरा, उखु मूल परिकार हुन्छ भने अन्य सामग्रीमा विभिन्न फलफूल, मेवा मिष्ठान्न, गेडागुडी, कन्दमूल, नरिवल, सुन्तला, किसमिस लगायतका विभिन्न वनस्पति पनि राखिन्छ।

# संस्कृति जोगाउन देउसीभैलो खेल्दै दृष्टिविहीन




तिहारको अवसरमा सर्लाही, रौतहट, बारा र महोत्तरीका दृष्टिविहीन मिलेर देउसीभैलो खेलिरहेका छन् । सांस्कृतिक जगेर्ना गर्ने मुख्य उद्देश्यसहित दृष्टिविहीनले तीन दिनदेखि देउसीभैलो खेलिरहेका हुन् ।

नेपाल नेत्रहीन सङ्घ मधेश प्रदेशको आयोजनामा विभिन्न जिल्लामा देउसीभैलो खेलेर हिँडिरहेको सङ्घका प्रदेश अध्यक्ष लक्ष्मेश्वर महतो कुशवाहाले जानकारी दिनुभयो ।

सांस्कृतिक जगेर्नासहित शिक्षामा पहुँच, अध्ययन सामग्री उत्पादन, छात्रवृत्ति कोष, आत्मनिर्भर प्रवर्धन र क्षमता विकासका लागि देउसीभैलो खेल्दै हिँडेको महतोले बताउनुभयो । दृष्टिविहीनको समूहले बुधबार दिउँसो पूर्वपश्चिम राजमार्गस्थित सर्लाहीको लालबन्दी बजारमा देउसीभैलो खेलेको छ ।

सिन्धुलीको दुधौली, महोत्तरीको गौरीडाँडा, बर्दिवास, गौशालालगायत स्थानमा देउसीभैलो खेलेर लालबन्दी आइपुगेको नेपाल नेत्रहीन सङ्घ मधेश प्रदेशकी कोषाध्यक्ष अन्जु धितालले जानकारी दिनुभयो । उहाँका अनुसार देउसीभैलोमा सर्लाही, महोत्तरी, रौतहट र बाराका विभिन्न विद्यालयमा अध्यापन गराउने दृष्टिविहीन शिक्षक, दृष्टिविहीनको सांस्कृतिक टोलीलगायत सामेल छन् ।

आफै देउसी भट्याउने, गीत गाउने गर्दै अघि बढिरहेको दृष्टिविहीनको देउसीभैलोमा स्थानीय वासिन्दा, व्यवसायी, बटुवालगायतले आर्थिक सहयोग गरिरहेका छन् । तिहारमा बर्सेनि यसैगरी देउसीभैलो खेल्ने गरिएको नेपाल नेत्रहीन सङ्घ मधेश प्रदेशका साधारण सदस्य शिवेन्द्र यादवले बताउनुभयो ।

# छठ पर्व आजदेखि सुरु, पहिलो दिन आज 'नहाय, खाय'

टक नेपाल





सूर्यदेवको आराधना गरी चार दिनसम्म श्रद्धा र भक्तिपूर्वक मनाइने छठ पर्व आजदेखि विधिवत रूपमा सुरु भएको छ ।

पहिलो दिन आज 'नहाय-खाय' मनाइँदैछ । आजको दिन ब्रतालुहरूले नदी वा पोखरीमा स्नान गरी अरवा-अर्बाइन भोजन ग्रहण गर्ने परम्परा छ ।

पारिवारिक सुख-समृद्धि र सन्तानको कल्याणको कामनासहित मनाइने यस पर्वको दोस्रो दिन भोलि (आइतबार) खरना रहेको छ । भोलि साँझ ब्रतालुहरूले चामल, सक्खर र दूधबाट खीर बनाएर प्रसादस्वरूप ग्रहण गरी खरना विधि गर्ने गरिन्छ ।

तेस्रो दिन सोमबार छठको मुख्य दिन सौभ्कारकका रूपमा मनाइन्छ । यस दिन साँझ अस्ताउँदो सूर्यलाई पूजा सामग्रीसहित जलाशय किनारमा अर्घ्य दिने चलन छ । अन्तिम दिन मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पर्वको विधिवत् समापन हुनेछ । अन्तिम दिनलाई 'पारन' भनिन्छ ।

छठ पर्वमा बाँसको ढाकी, डगरी, माटोको कोसिया-कुरबार, हात्ती आदिसहितका सामग्री अर्पण गरिन्छ । त्यस्तै ठकुवा, भुसुवा, केरा, खाजा, उखु, हल्दी, अदुवा, तरकारी, मिठाई तथा विभिन्न फलफूल प्रसादका रूपमा सूर्यदेवलाई अर्घ्य अर्पण गरिन्छ।

अर्घ्य दिने ब्रतालुले ४८ घण्टासम्म अन्न र पानी त्यागेर व्रत बस्ने परम्परा छ, त्यसैले छठलाई निष्ठा र कठोर साधनाको पर्व मानिन्छ । अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिएर चढाइएको सामग्री प्रसादका रूपमा ग्रहण र वितरण गरिने भएकाले यो पर्व सामाजिक सद्भाव र एकताको प्रतीकका रूपमा पनि लिइन्छ ।

तराई-मधेशका बजारहरूमा अहिले पूजा सामग्री किनमेलको चहलपहल छ भने नदी, पोखरी र जलाशयका घाटहरू आकर्षक रूपमा सजाइँदै छन् । जनकपुरका गंगासागर, धनुषसागर, अंगराजसर र दशरथ तालजस्ता ऐतिहासिक जलाशयहरू नवदुलहीझैं सिंगारिने क्रम जारी छ । मिथिलाञ्चल र सम्पूर्ण तराई-मधेश अहिले छठ गीतका मधुर स्वरले गुन्जायमान बनेका छन् ।

शुभकामना
नेपालीहरुको महान चाड शुभ दिपावली तथा छठ पर्व २०८२ को शुभ अवसरमा समस्त होटल व्यवसायी, ग्राहकवर्ग, शुभचिन्तक साथै सम्पूर्ण -नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोपाल बहादुर कार्की(गुन्ज)
(अध्यक्ष)
नेपाल होटल तथा पर्यटन व्यवसायी संघ
महोत्तरी, मधेस प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD




शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014